ललितपुर महानगरपालिका
ललितपुर महानगरपालिका
Lalitpur Metropolitan City
Pulchowk, Lalitpur, Bagmati Province, Nepal

यसैगरी १०६ औं स्थापना दिवसको अवसरमा आयोजित कार्यक्रममा २५ वर्ष सेवा गरेका ४८ जना कर्मचारीलाई दीर्घ सेवा पदक र कदर पत्र प्रदान गरिएको छ। अनिवार्य अवकास प्राप्त गरेका १९ जना कर्मचारीलाई पनि कदरपत्र प्रदान गरिएको छ।

यसैगरी स्थापना दिवसको अवसरमा ललितपुर महानगर अन्तर्गत रहेका सामुदायिक विद्यालयहरु मध्ये मापदण्डका आधारमा सवैभन्दा वढी अङ्क ल्याउने विद्यालयहरुमा प्रथम हुने त्रि-पद्म विद्याश्रम माध्यमिक विद्यालय पुल्चोकलाई ३ लाख ५० हजार सहित प्रमाण पत्र प्रदान गरिएको छ। द्धितीय हुने प्रभात माध्यमिक विद्यालय त्यागललाई २ लाख पचास हजार र तृतीय हुने श्रमिक शान्ति माध्यमिक विद्यालय च्यासललाई एक लाख ५० हजार प्रदान गरिएको छ। साथै ललितपुर महानगरको १०६ औं स्थापना दिवसको अवसरमा ललितपुर महानगरपालिका अन्तर्गत रहेका सामुदायिक विद्यालयहरु मध्ये सामाजिक लेखा परीक्षण र तोकिएको मापदण्डका आधारमा सवैभन्दा वढी अङ्क ल्याउने विद्यालयहरुलाई पुरस्कार र सम्मान प्रदान गरिएको छ। यस अन्तर्गत प्रथम हुने आदर्श शौल युवक माध्यमिक विद्यालय बुङमतीलाई ३ लाखसहित प्रमाणपत्र प्रदान गरिएको छ। द्धितीय हुने महेन्द्र भृकुटी माध्यमिक विद्यालय एकान्तकुनालाई प्रमाणपत्र सहित २ लाख प्रदान गरिएको छ। महानगरपालिकामा आ.व. २०८०/८१ मा सबैभन्दा बढी कर बुझाउने उत्कृष्ट करदाता (संस्थागत) तर्फ एनसेल एजियाटा लि.ललितपुर-१५, ललितपुर र व्यक्तिगत तर्फ अमृतरत्न शाक्य र रत्नदेवी शाक्य, ललितपुर-३, ललितपुरलाई सम्मान गरिएको छ।

चिरीबाबु महर्जन
प्रमुख

2022.02.14 16:26

Scanned with CamScanner